# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्यूाउली, भोजपुर

प. सं. ०७७/७८
च. नं. १६६०

१ नं. प्रदेश, नेपाल
मितिः-२०७७/१२/२६

विषयः- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्वन्धमा।

**श्री सबै माध्यमिक विद्यालयहरू**
अरूण गाउँपालिका, भोजपुर।

उपरोक्त सम्बन्धमा गाउँ शिक्षा समितिको मिति २०७७/१२/१९ गतेको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत सञ्चालित माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०७७ तपसिलको मिति, समय, स्थान र शर्तहरू बमोजिम प्रतियोगिता सञ्चालन हुने भएकोले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (संशोधन सहित) अनुसार त्यस विद्यालयमा माध्यमिक तहमा अध्ययनरत १८ बर्ष मुनिका विद्यार्थीहरूलाई खेलकुद प्रतियोगितामा सहभागी गराउनु हुन अनुरोध छ ।

तपसिल

१. प्रतियोगिता सञ्चालन हुने मिति २०७८ साल बैशाख २, ३ र ४ गते ।
२. स्थानः श्री चम्पे माध्यमिक विद्यालय अरूण-२, चम्पे ।
३. समयः- १०;०० बजे ।
४. खेलमा सहभागी हुने विद्यार्थी चालु शैक्षिक सत्रमा १८ बर्ष पूरा नभएको, कक्षा १२ सम्म नियमित रूपमा अध्ययनरत रहि विद्यालयको IEMIS मा प्रविष्ट भएको हुनुपर्नेछ ।
५. सहभागी प्रत्येक खेलाडीले एक ट्र्याक दुई फिल्ड वा दुई फिल्ड एक ट्र्याकका खेलमा सहभागी हुन पाउनेछन् । रिले दौडमा २ ट्र्याक १ फिल्ड वा २ फिल्ड वा १ ट्र्याकको नियम लागू हुनेछ ।

६. खेलमा सहभागी हुने विद्यार्थीहरूको विवरण आयोजक समितिले उपलब्ध गराएको फारम भरी उमेर खुल्ने कागजात संलग्न राखी मिति २०७८ बैशाख २ गते ९;०० बजेसम्म चम्पे मा. वि. मा दर्ता गराइसक्नु पर्नेछ ।

७. खेलमा सहभागी हुने विद्यालय तथा खेलाडीहरूको नाम सहितको खेल तालिका मिति २०७८ बैशाख २ गते १० बजे कार्यालय समयभित्र प्रकाशन गरिनेछ ।

८. प्रतियोगिताको उद्घाटनको दिन विद्यालयहरूले राष्ट्रिय झण्डा, ब्यानर सहित खेलाडीहरू मार्चपासका लागि उपस्थित हुनुपर्नेछ ।

९. प्रतियोगितामा समावेश गरिने खेलहरू:

(क) भलिवल तर्फ

छात्र/छात्रा (प्रति विद्यालय ९/९ जना खेलाडी)

(ख) एथलेटिक्स ट्र्याक तर्फ

छात्र: १०० मिटर, २०० मिटर र ८०० मिटर (प्रति विद्यालय १/१ जना खेलाडी)

छात्रा: १०० मिटर र ४०० मिटर (प्रति विद्यालय १/१ जना खेलाडी)

छात्रा/छात्र: ४०० गुणा १०० रिले (प्रति विद्यालय ४/४ जना खेलाडी)

(ग) उफ्रने र फ्याक्ने (फिल्डतर्फ)

ट्रिपलजम्प छात्र (प्रति विद्यालय १/१ जना खेलाडी)

लङजम्प छात्र/छात्रा (प्रति विद्यालय १/१ जना खेलाडी)

हाइजम्प छात्र/छात्रा (प्रति विद्यालय १/१ जना खेलाडी)

सटफुट (छेलो) छात्र/छात्रा (प्रति विद्यालय १/१ जना खेलाडी)

(विनोदकुमार भण्डारी)

प्रमख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत